नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना
विकेन्द्रिकृत आयोजना सहयोग इकाई
विराटनगर, मोरङ

प सं: ०७८/७९
च.नं.: ९६६

फोन न. ०२१-५००२८३
Email: dlsubiratnagar@gmail.com

मिति २०७९/२/४

श्री पूरक अनुदानका लागि सम्झौता गरेका
निजी फर्म/कम्पनीहरू सबै ।

बिषय : सम्मानित सर्वोच्च अदालतबाट जारि अन्तरिम आदेश बारे ।

उपरोक्त सम्वन्धमा मुगा मालवासे डिहि कृषक समुह, पाख्रीवास न.पा., धनकुटाले यस आयोजनाले उपलब्ध गराउने पूरक अनुदानको सम्वन्धमा सम्मानित सार्वोच्च अदालतमा दिएको रिट निवेदन उपर जारि भएको अन्तरिम आदेश यसै पत्रसाथ संलग्न गरी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ।

डा. सुधिर कुमार सिंह
आयोजना समन्वय प्रमुख

E-Mail:- dlsubiratnagar@gmail.com

श्री सर्वोच्च अदालतबाट
... बमोजिम
नक्कल ... पाना १ को
सारी ... पाना ...
रु. ...
रु. ... मिति: २०७८/०९/२६
सर्वोच्च अदालत काठमाडौं

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत

माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ

आदेश

०७८-WO-१२५२

विषयः- उत्प्रेषण।

मुगा मालवासे डिही कृषक समूहसमेत ............................................१ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार काठमाडौंसमेत ......१ विपक्षी

प्रस्तुत रिट निवेदनसहितको मिसिल संलग्न कागजातहरू अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद भण्डारी तथा विद्वान् अधिवक्ताहरु श्री अम्वरबहादुर थापा, प्रा.डा. श्री जीवनाथ धिताल, श्री मनोहर लामिछाने, श्री टिकाराम भट्टराई, डा.श्री ठकेन्द्रप्रकाश गिरी, श्री गणेश दाहाल र श्री सुलोचना धिताल तथा विपक्षी मध्येका नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् नायव महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, नेपाल राष्ट्र बैंकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री डिल्लीराम न्यौपानेले गर्नुभएको बहस तथा नेपाल लाइभ स्टक सेक्टर इनोभेसन आयोजनाका तर्फबाट उपस्थित वरिष्ठ योजना अधिकृत श्री विश्वनाथ गौतम एवम् वरिष्ठ अनुगमन तथा मूल्याङ्कन अधिकृत डा.श्री प्रवेश शर्मा र योजना तथा अनुगमन अधिकृत श्री योगेन्द्रप्रसाद शर्माले राख्नुभएको कुरा समेत सुनियो।

यसमा निवेदक संस्था आफू प्रक्रियामा सहभागी हुनै नपाउने गरी बञ्चित गरेको भन्ने भनाई नरहेको, मिति २०७७।९।२० मा प्रकाशित सूचनामा मिति २०७७।१०।२० भित्र ण लगानी स्वीकृति पत्र पेस गर्नुपर्ने शर्त तोकिएको देखिएकोमा त्यस्तो शर्त आफूले पूरा ने भन्न सकेको नदेखिएको, त्यस्तो शर्त यो कानूनको विपरीत रहेको भनी स्पष्ट रुपमा

विद्वान् नायव महान्यायाधिवक्ता र आयोजनाको तर्फबाट उपस्थित अधिकृतहरुबाट हाल २३९ वटा आवेदक संस्थाहरुका हकमा प्रस्ताव स्वीकृत भई आंशिक रुपमा भुक्तानी भईसकेको र केही अंश भुक्तानीको प्रक्रियामा रहेको भनी उल्लेख गर्नुभएको हुँदा स्वीकृत भएका सबै आवेदकहरुलाई नै भुक्तानी दिने कार्य रोक्नु भनी अन्तरिम आदेश जारी हुँदा आयोजनाको कार्य अवधि भित्र समग्र आयोजनाको कार्यान्वयनमा नै अनिश्चितता पैदा हुन जाने देखिँदा निवेदन मागबमोजिम लक्षित समूह भित्रका स्वीकृत आवेदकहरुका हदसम्म भुक्तानी दिने कार्य रोकका गर्नू भनी अन्तरिम आदेश जारी गर्नुपर्ने देखिएन।

तर प्रस्तुत निवेदनमा जुन लक्षित समूहका लागि आयोजना सञ्चालन हुने गरी सम्झौता भएको हो ती समूहलाई आयोजनाको लाभबाट बञ्चित गराई लक्षित समूहभन्दा बाहेकका अन्य फर्म तथा निजी कम्पनीहरुलाई पनि कार्यक्रममा सहभागी गराइएको भनी सार्वजनिक सरोकारको विषयमा उठाइएको प्रश्नतर्फ भने यो इजलासको गम्भीर ध्यानाकर्षण भएको छ। यसो हुन गएमा नेपालको संविधानले परिकल्पना गरेको आर्थिक समानता, सम्बृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने लक्ष्यमा प्रतिकूल असर पर्नुका साथै नेपालको संविधानको धारा ४२ द्वारा प्रत्याभूत हकको समेत प्रतिकूल हुन जाने देखिँदा आयोजना सम्झौतामा निर्धारित लक्षित समूह बाहेकका अन्य फर्म, समूह र कम्पनीका हकमा प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नलागेसम्म निवेदनमा उल्लेख भए बमोजिमको भुक्तानी दिने कार्य रोकका गरी यथास्थितिमा राख्नू भनी विपक्षीहरुका नाममा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५८(२)(क) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार गर्नू।

न्यायाधीश न्यायाधीश

इति संवत् २०७९ साल वैशाख २२ गते रोज ५ शुभम् ......................................।